# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१ ] काठमाडौं, वैशाख ६ गते २०२८ साल [ अतिरिक्ताङ्क २(ख)


# शाही–सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सम्बाद सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराजबाट गवर्नर जनरल महामहिम सर पाल हास्‌लकको निमन्त्रणामा अष्ट्रेलियाको औपचारिक एवं अन्य केही मुलुकहरूको अनौपचारिक भ्रमणमा सवारी होइबक्सनु अघि सम्वत् २०२८ साल बैशाख ६ गतेका दिन देशवासीका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्यारा देशवासीहरू,

आज हामी मित्रराष्ट्र अष्ट्रेलियाका गवर्नर जनरल महामहिम सर पाल हास्‌लकको निमन्त्रणामा अष्ट्रेलियाको औपचारिक भ्रमणमा र बाटोमा पर्ने केही अन्य मुलुकहरूको अनौपचारिक भ्रमणमा केही दिनको लागि जाँदैछौं ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चन्द्रयात्राको सपना साकार भैरहेको आजको जमानामा आफ्नो नीति र व्यवस्थानुकूल बढीभन्दा बढी मुलुकहरूसंग मैत्री सम्बन्ध सुदृढ पार्नु कति जरूरी छ सो शायद मैले भनिरहनु पर्ने कुरो होइन । अतः देशवासी सबैको शुभेच्छाले यो भ्रमण पनि सफल हुनेछ भन्ने आशा लिएको छु ।

हाम्रो पञ्चायती व्यवस्था एक गतिशील निर्दलीय प्रजातान्त्रिक व्यवस्था हो । आवश्यक राजनीतिक स्थिरता र सामाजिक सुधार हासिल गरी अब यो व्यवस्था आर्थिक समुन्नति र शैक्षिक सुधारको लक्ष्य प्राप्त गर्न कटिबद्ध छ । नेपाली मात्रमा एकता र सजगता कायम राखी यसले चाहिंदो मात्रामा आफ्ना लक्ष्यहरू समय समयमा हासिल गर्नेनै छ भन्नेमा विश्वस्त छु ।

हाम्रो अनुपस्थितिमा मुलुकको दैनिक प्रशासन र विकास कार्य सुचारुरूपले चलाउन मन्त्रिपरिषद् छँदैछ, र हामीले गर्न पर्ने अरू कामको निमित्त हाम्रा उत्तराधिकारी छोरा नानी युवराजाधिराज वीरेन्द्र बीर विक्रम शाहदेवको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । हामीलाई पूर्ण विश्वास छ मन्त्रिपरिषद्का सदस्यहरू, जंगी तथा निजामती अफिसर जवानहरू, सन्त महन्त, साहु महाजन, विद्यार्थी, युवक युवती, बुढापाका लगायत सरकारी गैरसरकारी सबै देशवासीहरूले नेपाल र नेपालीको भलाइको निमित्त मुलुकमा अमनचैन कायम राख्ने काममा तथा विभिन्न विकास र उन्नतिका कामहरूलाई अघि बढाउनमा समेत सदैव झैं सहयोग र सहायता कायम राख्नेछन् ।

श्री पशुपतिनाथले हामी सबैलाई सदा अनुशासन, सुबुद्धि एवं सुशक्ति प्रदान गरून् ।

जय नेपाल ।

हुकुम बक्सेबमोजिम
मी. सु. रेणुलाल सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सम्बाद सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।